**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख ८ गते**
कर्णाली प्रदेशमा ३ हजार ४ सय जनाको द्रुत परीक्षण गरिएको छ । यसैगरी ८ सय ९५ जनाको स्वाब परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको प्रदेश स्वास्थ्य निर्देशनालय सुर्खेतका निर्देशक रीता भण्डारीले बताउनुभयो ।
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधिमार्फत् प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** डोल्पामा कोरोना भाइरसको द्रुत परीक्षण शुरु भएको छ । बैशाख ५ गते किट पुगेपछि पहिलो पटक सेल्फ क्वारेन्टाइनमा रहेका पाँच जनाको परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा प्रमुख डाक्टर सिजन रावलले जानकारी दिनुभयो ।
सेल्फ क्वारेन्टाइनमा रहेकाहरुको परीक्षण गरिएपनि स्वास्थ्य परीक्षणको लागि खासै कोही नआएको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जनाएको छ । भारत तथा अन्य मुलुकबाट आएकालाई पहिलो प्राथकितामा राखेको भएपनि भारतबाट आएकाहरुको  एकीन तथ्याङ्क छैन ।
जिल्लाको जगदुल्ला गाँउपालिकाबाट द्रुत परीक्षण शुरु गर्न डाक्टर मच्छिन्द्र बडुवालको नेतृत्वमा ४ जनाको टोली बैशाख ७ गते सम्बन्धित स्थानीय तहमा गएको छ ।
मोबाइल घुम्ती टोलीले जगदुल्ला गाँउपालिकामा पुगेर भारतबाट आएका ६ र अन्य शंकास्पद व्यक्तिहरुलाइ परीक्षण गरेर फर्कने प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिनुभयो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** भारत लगायत तेस्रो मुलुकबाट आएका ८० जनाको कोरोना भाइरस द्रुत परीक्षण गरिएकोमा सबैजनाको रिपोर्ट नेगेटिभ आएको छ । बैशाख ७ गते त्रिवेणी र सानीभेरी गाउँपालिका, आठबिसकोट र चौरजहारी नगरपालिकामा गरिएको द्रुत परीक्षणमा सबैजनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन ईश्वर रावलले जानकारी दिनुभयो ।
चौरजहारी नगरपालिकामा ४५, सानीभेरी गाउँपालिकामा २१, त्रिवेणी गाउँपालिकामा २ र आठबिसकोट नगरपालिकामा १२ गरी जम्मा ८० जनाको द्रुत परीक्षण भएको बताइएको छ । यसअघि रुकुम पश्चिमबाट कोरोनाको आशंकामा १ सय ५ जनाको स्वाब संकलन गरिएकोमा १९ जनाको रिपोर्ट आउन बाँकी छ भने अरु सबैजनाको रिपोर्ट नेगेटिभ आएको छ ।
आरडीटी किटको अभावमा भारत तथा अन्य मुलुकबाट आएका व्यक्तिहरुको मात्रै द्रुत परीक्षण गरिने बताइएको छ । उनीहरुको प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरुको भने द्रुत परीक्षणमा समस्या भएको र थप आरडिटी किट उपलब्ध भएमा उनीहरुको पनि परीक्षण गरिने कोरोना फोकल पर्सन रावलले बताउनुभयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** आठबिस नगरपालिकाले कोरोना विरुद्ध खटिएका स्वास्थ्यकर्मीको मृत्यु भएमा उनीहरुका परिवारलाई ५ लाख रुपैयाँ आर्थिक सहायता दिने निर्णय गरेको छ । बैशाख ८ गते बसेको कार्यपालिकाको ५१ औं बैठकले उक्त निर्णय गरेको नगरप्रमुख खड्गप्रसाद उपाध्यायले जानकारी दिनुभयो ।

कोरोना रोकथामका लागि करारमा कार्यरत स्वास्थ्यकर्मी बिरामी परे ५० प्रतिशत उपचार खर्च व्यहोर्ने तथा मृत्यु भएमा कर्मचारीका परिवारलाई एकमुष्ट ५ लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णयमा खुलाइएको छ ।
कोरोना रोकथाममा प्रोत्साहित गर्न नगरपालिका अन्तर्गतका सबै स्वास्थ्यकर्मीलाई तलव स्केलको ५० प्रतिशत अतिरिक्त प्रोत्साहत भत्ता दिइने पनि प्रमुख उपाध्यायले बताउनुभयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** नलगाड नगरपालिकाले ७ सय ९० विपन्न परिवारलाई खाद्य सामग्री सहितको राहत वितरण गरेको छ ।
पहिलो चरणमा नगरपालिकाका १३ वटै वडाका ७ सय ९० घरधुरीलाई दाल, चामल, नुन, तेल वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर सिंहले बताउनुभयो ।
दुइजना परिवारसंख्या भएकोलाई १५ किलो र दुई भन्दा बढि संख्या हुनेलाई ३० किलो चामल वितरण गर्ने मापदण्ड अनुसार सात सय ५० घरधुरीमा प्रति परिवार ३० किलो र ४० घरधुरीमा प्रति परिवार १५ किलो गरि जम्मा २ सय ३१ क्वीन्टल चामल वितरण गरिएको अधिकृत सिंहले जानकारी दिनुभयो ।
यस्तै नलगाड नगरपालिकामा कार्यरत कर्मचारीहरुको तीन दिन बराबरको तलब कटौती गरेर एक लाख ८१ हजार एक सय ११ रुपैया नगर विपद कोषमा जम्मा गरिएको छ ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** हुम्ला जिल्लाको सर्केगाढ  गाउँपालिका-१ जैर गाउँका ९ जना भारतको पिथौरागढमा अलपत्रमा परेका छन् ।
तीन महिना अघि भारतको बेरनाथमा काम गर्दै आएका उनीहरु कोरोनाको डरले रातारात भागेर घर फिर्ता हुन खोज्दा पिथौरागढमा प्रहरीले नियन्त्रणमा लिएर क्वारेन्टाइनमा राखेको छ ।
कामको सिलसिलमा भारत पुगेको सर्केगाड गाउँपालिका-१ का कसमविर लुवारले आफूहरुलाई क्वारेन्टाइनमा राखेको २० दिन वितिसक्दा पनि नेपाल सरकार र कर्णाली प्रदेश सरकारले कुनै वास्ता नगरेको गुनासो गर्नुभयो । यस विषयमा प्रमुख जिल्ला अधिकारी विनिता भट्टराईले मन्त्रालयलाई सुचना मात्र गर्न सक्ने बताउनुभयो ।
यसैगरी कोरोना भाइरस संक्रमणबाट जोगिन भन्दै नाम्खा गाँउपालिका-३ का स्थानीयबासीले टुक्सोखोल्मु पुलमा बार लगाएर गाउँ आवत जावत नै बन्द गरेका छन् । लकडाउनको अवधिभर अनावश्यक आवतजावत हुन नदिन खगालगाँउ नजिकै कर्णाली नदिमा रहेको टुक्सोखोल्मु पुल र जाड खोल्सीबाट भित्रिने बाटोमा युवाहरुले डियुटी समेत गरिरहेको अध्यक्ष विष्णुबहादुर लामाले बताउनुभयो ।
यस्तै लकडाउनको कारण जिल्लामा अपराधिक घटनाहरु न्यून भएको डिएसपी राम प्रसाद घर्तीमगरले जानकारी दिनुभयो । लकडाउन अघि महिनामा १० देखि १५ वटा गम्भीर खालका घटनाहरु आउने प्रहरी कार्यालयमा चैत ११ गते यता एउटा ज्यान सम्बन्धि मुद्दा र अर्को हातपात लगायत जातीय विभेदको मुद्दा मात्र दर्ता भएको छ ।
यसैबीच नेपाली सेनाले राष्ट्रिय गौरवको आयोजना कर्णाली करिडोरको काम सुचारु गर्ने तयारी गरेको खुलालु लैफु कवाडी-सलिसल्ला सडक निर्माण दलका आयोजना प्रमुख मेजर इन्जिनीयर मिलन कार्कीले बताउनु भयो ।
सडक खण्डको १ सय २३ किलो मिटर सेनाले निर्माणको जिम्मा पाएकोमा लकडाउन अघिसम्म १ सय १५ दशमलव एक किलोमिटर सडकको प्रारम्भिक ट्र्याक खोल्ने कार्य पूरा भएको छ । उक्त खण्ड आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने सेनाको लक्ष्य छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** सल्यानको कालिमाटी गाउँपालिकाले कामको सिलसिलामा जिल्ला वा देश बाहिर रहेका सबैको तथ्यांक संकलन गर्न शुरु गरेको छ।
कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणको लागि गाउँपालिका बाहिर रहेकाको तथ्यांक अद्यावधिक हुने र विपद्को समयमा उद्धार तथा राहतका कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने गाउँपालिका अध्यक्ष दानबहादुर केसीले बताउनुभयो। यसका लागि वडाध्यक्ष, कार्यपालिका सदस्य, तथा वडा सदस्य र कर्मचारीहरुलाई परिचालन गरिएको छ।
यस्तै तथ्यांक संकलनको क्रममा टोल तथा बस्तीहरुमा कोरोना रोकथामका लागि सचेतनामूलक अभियान समेत सञ्चालन गरिने गाउँपालिकाले जनाएको छ।
यसैगरी सल्यानमा कोरोना र्‍यापिड टेष्ट गर्दा एकजनाको पोजिटिभ रिपोर्ट आएको छ। ३२ बर्षीय उहाँ गत चैत ६ गते दुबईबाट आउनुभएको हो।
शारदा नगरपालिका १ शितलपाटीमा गरिएको कोरोना भाइरस संक्रमणको द्रुत परीक्षणमा उहाँको रिपोर्ट पोजिटिभ आएको जिल्ला अस्पताल सल्यानका प्रमुख डाक्टर अर्जुनकुमार बुढाले जानकारी दिनुभयो। रिपोर्ट पोजिटिभ देखिएपछि पिसिआर जाँचका लागि स्वाब संकलन गरी सुर्खेत पठाउने तयारी गरिएको उहाँको भनाई छ।
युवालाई जिल्ला अस्पताल सल्यानको आइसोलेशनमा राखेर उपचार शुरु गरिएको छ। परिवारका सदस्यहरुलाई समेत अस्पतालमा ल्याएर अरडिटी जाँच गर्न शुरु गरिएको छ अस्पतालले जनाएको छ। युवाको अवस्था सामान्य छ।
यसअघि सल्यानमा ४३ जनाको पिसिआर गरिएको छ भने ५ सय ९७ जनाको द्रुत परीक्षण गरिएको छ। जाँच गरेका सबैको रिपोर्ट नेगेटिभ छ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** भारत र तेस्रो मुलकबाट जुम्ला आएका ४ सय ८३ जनामा कोरोना परीक्षण गरिएको छ।
चैत पहिलो साता देखि जुम्ला भित्रिएका नागरिकहरुको कोरोना परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको जनस्वास्थ्य कार्यालय जुम्लाका प्रमुख कृष्णप्रसाद सापकोटाले बताउनुभयो। उहाँका अनुसार ३ सय ३९ जनाको स्वाब परीक्षण गरिएको थियो भने १ सय ४४ जनाको र्‍यापिड डाइगोनोस्टिक टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ।
यसैगरी जुम्लाका विभिन्न स्थानीय तहका आठ स्थानमा स्थापना गरिएका हेल्थ डेस्कमा ५ हजार १ सय ३९ जनाको स्वास्थ्य परीक्षण गरिएको प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताउनुभयो। उहाँका अनुसार १४ दिन क्वारेन्टाइनमा बसेर २ सय ६३ जना घर फिर्ता भैसकेका छन् भने हाल १३ जना क्वारेन्टाइनमा छन्।
जिल्लामा हाल २ सय ५६ बेडको क्वारेन्टाइन र १ सय २० आइसोलेसन बेड कायम गरिएको छ। लकडाउन उल्लंघन गर्ने ४ सय ३० वटा मोटरसाइकल र ८३ वटा चारपाङ्ग्रे सवारी साधन नियन्त्रणमा लिई कारवाही गरिएको प्रहरी नायव उपरीक्षक लालबहादुर धामीले बताउनुभयो।

**इन्सेक कालिकोट जिल्लाका प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** जिल्लामा मानव अधिकारको अवस्था अनुगमन गर्न पाँच सदस्यीय समिति गठन गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोगको कार्यविधि अनुसार वैशाख ८ गते गैर सरकार संस्था महासंघ कालिकोटका अध्यक्ष वीरेन्द्र बुढाको संयोजकत्वमा, इन्सेक जिल्ला प्रतिनिधि कालीवहादुर मल्ल, नेपाल बार एशोसियसनका अध्यक्ष दमनराज

बम, पत्रकार महासंघका अध्यक्ष तुलाराम पाण्डे, महिला अधिकारकर्मी सम्झना ओली सदस्य रहेको समिति गठन गरिएको हो ।
यस्तै जिल्लाको शुभकालिका गाउँपालिकाले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा सहयोगात्मक सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरेको छ । उहाँका अनुसार उपाध्यक्ष पम्फाकुमारी शाहीको संयोजकत्वमा ९ सदस्यीय बालबालिका संरक्षण समिति गठन गरिएको छ । उक्त समितिले कोरोना प्रभावित बालबालिकाहरुका लागि संरक्षण कोष स्थापना गरी परिचालन गर्नेछ ।
यसैगरी गाउँपालिकाले लकडाउनलाई पूर्ण रुपले पालना गर्दै आवतजावतमा कडाई गरेको छ । यसका लागि ४० जना स्वयंसेवक परिचालन गरी गाउँपालिका प्रवेशद्वारमा राखिएको छ । यसका साथै एक वडावाट अर्कोमा आउजाउ गर्न नदिने र जिल्लाबाहिरबाट लुकिछिपी आएकालाई क्वारेन्टाइनमा राख्ने निर्णय गरेको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** वीरेन्द्रनगर नगरपालिकाले दोस्रो चरणको राहत वितरणको लागि माग संकलन गरिरहेको छ । अति विपन्नलाई एक चरण राहत वितरण गरिसकेपछि पहिले छुटेका, फेरी आवश्यकता परेकाहरुको माग संकलन गर्न लागिएको नगरका प्रमुख प्रशासकीय अधिकृत टिकाराम ढकालले जानकारी दिनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**